बैठक संख्याः २१

मितिः २०८० बैशाख १९ गते मङ्गलबार
समयः बिहान ८ बजे

नगर कार्यपालिकाका अध्यक्ष/नगरप्रमुख श्री भूपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री कृष्णकुमारी निरौला | उप प्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं.३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| ७ | श्री भूमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं.५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं.६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | श्री पुरुषोत्तम घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति

श्री कृष्णराज राई उपसचिव
श्री. भुपेन्द्र खनाल अधिकृतस्तर सातौं
श्री. टिक बहादुर खोडारी लेखा अधिकृत
श्री. भानु राई इन्जीनियर
श्री. हेमचन्द्र निरौला ना.सु.
श्री. करुणा श्रेष्ठ कृषी विकास शाखा प्र.
श्री. रवि त्रिवेदी प्रशासन शाखा
श्री मिलपन राना मगर कार्यालय सहयोगी

२०८० बैशाख १९ गते

बैठक संख्या:२१

| सि नं | विषय | निर्णय |
| --- | --- | --- |
| १ | संस्थाको विधान दर्ता स्वीकृति | लेटाङ नगरपालिकाको संस्था दर्ता ऐन अनुसार विधान स्वीकृतिका लागि पेश भएको देविथान बाहगोठे खानेपानी उपभोक्ता समितिको विधान स्वीकृत गरी संस्था दर्ता गर्ने। |
| २ | संस्थागत अनुदान सम्बन्धी कार्यविधि स्विकृत | यस नगरपालिकामा बिभिन्न संस्थाहरूलाई संस्थागत अनुदान प्रदान गर्न उपर्युक्त कार्यबिधि आवश्यक भएकाले लेटाङ नगरपालिका संस्थागत अनुदान सम्बन्धी कार्यबिधि २०८० स्विकृत गर्ने। |
| ३ | नगर अस्पताल व्यवस्थापन समिति सम्बन्धमा। | लेटाङ नगरको नगर अस्पतालको रूपमा हाल संञ्चालनमा रहेको अस्पतालको व्यवस्थापन समितिमा तपसिल बमोजिम सदस्य रहने।<br>१.प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको प्रतिनिधि-सदस्य<br>२.स्वास्थय शाखा प्रमुख- सदस्य |
| ४ | भूमिहीन,दलित सुकुम्बासी तथा अव्यवस्थित बसोवासी सम्बन्धमा। | यस लेटाङ नगरपालिकामा भूमिहिन, दलित सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको लगत संकलन गरी निस्सा वितरणको कार्य हाल भैरहेको अवस्थामा छ। उक्त कामलाई तिब्रता प्रदान गर्न राष्ट्रिय भूमि आयोगबाट मिति २०८०/०२/०१ गते बाट लागु हुने गरी २ जना थप कर्मचारी समेत पठाएको हुँदा निस्सा वितरणको कार्य सँगसँगै जग्गा नापजाँचको कामलाई समेत नियमानुसार अगि बढाउने। |
| ५ | रेविज भ्याक्सिन सम्बन्धमा। | यस नगरको सामाजिक विकास समितिले मिति २०८०/०१/१५ गते लेटाङ अस्पतालमा गरेको अनुगमन प्रतिवेदनका आधारमा लेटाङ अस्पतालमा कार्यालय समयभित्र एण्टि रेविज भ्याक्सिनको सेवा विस्तार गर्न सकिने देखिएकाले एण्टी रेविज भ्याक्सिन सेवा केन्द्र सूचिकरण तथा कोटा निर्धारणको प्रकृया अगाडी बढाउने। |
| ६ | सहयोग सम्बन्धमा। | लेटाङ क्याम्पस सञ्चालन हुने +२ को अन्तिम परीक्षा २०८० सञ्चालन सहयोग गर्न १ थान dcp brother printer खरिद गरिदिने। र थप खाजा तथा स्टेशनरी व्यवस्थापन खर्चका लागि रू ६७ हजार व्यवस्थापन खर्च गर्न लाग्ने लागत अनुसारको रकम सहयोग गर्ने(खर्च शिर्षकः समपुरक कोषबाट) |
| ७ | बिद्यालय सम्बन्धमा। | नयाँ शैक्षिक सत्रको सुरूवातको अवस्थामा रहेकाले लेटाङ नगर भित्रका सबै बिद्यालय भर्ना गर्न उमेर पुगेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गरी तोकिएको पाठ्यपुस्तक समयमानै बिद्यार्थी लाई दिने अनिवार्य व्यवस्था गर्न सबै बिद्यालयलाई निर्देशन गर्ने |

सुरेन्द्रकुमार लावती
नगर प्रमुख

<table>
<tr><td>८</td><td>शिर्षक परिवर्तन सम्बन्धमा।</td><td>देहायका योजनाहरू कार्यान्वयन चरणमा समस्या भएकाले आगामी नगरसभाबाट अनुमोदन हुने गरी शिर्षक परिवर्तन गरी कार्यान्वयनमा जाने।<br><table>
<tr><th>वडा नं</th><th>बजेट शिर्षक</th><th>रकम</th><th>परिवर्तन शिर्षक</th></tr>
<tr><td>४</td><td>स्वर्गिक मार्गको माथिल्लो पट्टी इन्टरलक</td><td>३०००००</td><td>स्वर्गीक मार्गको माथिल्लो पट्टी फिटनेस पार्क निर्माण</td></tr>
<tr><td>९</td><td>किरौंत याक्थुङ चुम्लुङ मन्दिर निर्माण</td><td>१००००००</td><td>किरौंत याक्थुङ चुम्लुङ घेराबारा र शौचालय निर्माण</td></tr>
</table></td></tr>
<tr><td>९</td><td>खोला ठेक्कामा सम्पूर्ण रकम एकमुष्ठ रूपमा बुझाए छुट सम्बन्धमा।</td><td>लेटाङ नगरपालिका सार्वजनिक खरिद नियमावली २०७६ को नियम १४१ को उपनियम २ मा खोला ठेक्काको ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशतसम्म छुट दिनसकिने व्यवस्था उल्लेख भएकोले सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिने।</td></tr>
<tr><td>१०</td><td>विपन्न तथा जेहन्दार छात्रवृत्ती प्रदान गर्ने ।</td><td>नगरपालिकाका विभिन्न वडाबाट प्राप्त विद्यार्थीहरुले छात्रवृत्तिको लागी आवेदन दिनुभएको छ । निजहरुको निवेदन छानवीन गरी शिक्षा युवा तथा खेलकूद शाखाबाट तयार भएको संलग्न सूची अनुसारका विद्यार्थीहरुलाइ छात्रवृत्ती उपलब्ध गराउने ।</td></tr>
<tr><td>११</td><td>बजेट बिनियोजन सम्बन्धमा।</td><td>१.बैजनाथ अधिकारी प्रारम्भिक संस्कृत बिद्यापिठ लेटाङ-९ मा रङ रोगन, माटो पुर्ने, गेट बालको कामको लागि रू३०००००/- बिनियोजन गर्ने। (अन्य सार्वजनिक निर्माण बाट)<br>२.लेटाङ नगरपालिका सामुदायिक विद्यालय शैक्षिक गुणस्तर सुधार अन्तर्क्रिया कार्यक्रमका लागि रू९८००० बिनियोजन गर्ने। (कार्यक्रम खर्च शिर्षकबाट)</td></tr>
</table>

भुपेन्द्रकुमार लावती
नगर प्रमुख